माथागढी गाउँपालिकाको

## कृषि तथा पशुपन्छी फार्म दर्ता संचालन तथा नविकरण सम्बन्धी कार्यविधि-२०८२

पृष्ठभुमि :

कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्वाहमुखी अवस्थाबाट दिन प्रतिदिन आधुनिक तवरणले व्यवसायीकरण गरेर प्रतिस्पर्धी रुपमा सक्षम बनाउन आवश्यक छ। यसका लागि पशुपन्छी/कृषिजन्य उत्पादन, प्रशोधन तथा बजारीकरण गरी कृषकलाई थप बढी प्रतिस्पर्धी तथा उत्पादनमुखी बनाउनको लागि प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवम् पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्‍याउने र कृषि/पशुपालन व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रवर्द्धन एवम् गरिवी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्‍याउनुको साथै बढ्दो वैदेशिक पलायन दरलाई निरुत्साहित गरि यस गाउँपालिकामा कृषि तथा पशुपालन व्यवसायको माध्यमबाट गाउँपालिकालाई आत्मनिर्भर गराउने उद्धेश्यले माथागढी गाउपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी फार्म दर्ता संचालन तथा नविकरण सम्बन्धी कार्यविधि, २०८२ लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भ

१. संक्षिप्त नाम तथा प्रारम्भ :

क) यो कार्यविधिको नाम " कृषि तथा पशुपन्छी फार्म दर्ता संचालन तथा नविकरण सम्बन्धी कार्यविधि-२०८२" रहेको छ।

ख) यो कार्यविधि माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषा :

क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका सम्झनु पर्दछ।

ख) "कार्यालय" भन्नाले माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग) "कृषि समिति" भन्नाले माथागढी गाउँपालिकाको कृषि समिति सम्झनु पर्दछ।

घ) "शाखा" भन्नाले माथागढी गाउँपालिका कृषि तथा पशुपंक्षी सेवा शाखा सम्झनु पर्दछ।

ङ) "निजी फार्म" भन्नाले एकल वा साझेदारी स्वामित्यमा रही यस शाखामा दर्ता भएको फार्म सम्झनु पर्दछ।

च) "कार्यविधि" भन्नाले कृषि तथा पशुपन्छी फार्म दर्ता संचालन तथा नविकरण सम्बन्धी कार्यविधि-२०८२ सम्झनु पर्दछ।

### परिच्छेद २
### उद्देश्य

३. कार्यविधिको उद्देश्यहरु :

क) कृषि तथा पशु सेवा शाखाका कार्यक्रम संचालन सहयोग पुर्याउने ।



अध्यक्ष

ख) गाउँ सभाबाट विनियोजित रकमलाई पारदर्शी बनाइ संचालन गर्न सहयोग पुग्ने।

ग) सम्भाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने। प्रवर्द्धन

घ) गाउँपालिकालाइ तरकारी, दुध, मासु, अण्डा र माछामा आत्मनिर्भर बनाइ निर्यात गर्न सहयोग गर्ने

ङ) कृषि/पशुपंक्षी व्यवसायको उद्यमसिलता प्रवर्द्धन एवम् व्यावसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने।

च) कृषि/पशुपंक्षी व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्यूनीकरण गर्ने।

छ) कृषि/पशुपंक्षी व्यवसायलाइ प्रभावकारी तरिकाले संचालन गर्नका लागि विभिन्न प्रकारका विउ, रासायनिक मल, कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा संचालन गर्ने।

## परिच्छेद ३

## फार्म दर्ता तथा नविकरण प्रक्रिया र मापदण्ड

**४. कृषि फार्म दर्ताको मापदण्डः**

यस गाउँपालिका भित्र कृषि पेशा गर्दै आइरहेका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा वडाका कृषि प्रविधिक वा कृषि शाखाबाट फिल्ड अवलोकन गरि फार्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि शाखामा फार्म दर्ता गरिनेछ।

**४.१) प्लाष्टिक टनेल खेती :**

प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको ३ वटा टनेल निर्माण गरि तरकारी उत्पादन गरेको हुनु पर्नेछ।

**४.२) खुल्ला तरकारी खेती :**

यस तरिकाबाट तरकारी खेती गर्दा कम्तिमा २ रोपनी भन्दा बढीमा व्यावसायिक रुपमा तरकारी बाह्रै महिना उत्पादन गरेको हुनुपर्नेछ।

**४.३) फलफूल खेती :**

फलफूल खेतीहरु जस्तै :सुन्तालाजात फलफूल, आप, लिची, केरा, मेवा आदिको हकमा व्यवसायिक रुपमा ५ रोपनी भन्दा बढीमा फलफूल गरिएको हुनु पर्नेछ।

**४.४) च्याउ खेती :**

च्याउ खेति व्याबसायिक रुपमा करिब २ वटा डुम हाउस ५/ १० मिटर निर्माण गरि खेति गरेको हुनुपर्नेछ।

**४.५) मौरी पालनः**

मौरी पालनको हकमा आधुनिक घार २० वटा भन्दा बढी पालन गरेको हुनुपर्ने,

**५ . पशुपन्छी फार्म दर्ताको मापदण्ड :**

**५.१) व्यवसायिक गाई/भैंसी फार्मको वर्गीकरण :**

यस फार्मलाइ ३ वर्गमा विभाजन गरिएको छ।

**क) साना व्यवसायिक गाई/भैसी फार्म**

३-५ वटा गाई/भैसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

**ख) मझौला व्यवसायिक गाई/भैसी फार्म :**

अध्यक्ष

६-१० वटा गाई/भैसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

ग) ठुला व्यवसायिक गाई/भैसी फार्म :

११ भन्दा बढी गाई/भैसी पालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ ।

५.२) व्यवसायिक बाख्रा फार्मको वर्गीकरणः

यस फर्मलाई ३ भागमा विभाजन गरिएको छ।

क) साना व्यवसायिक बाख्रा फार्म :

१५-२५ वटा बाख्रा पालन गरि व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

ख) मझौला व्यवसायिक बाख्रा फार्म :

२६-४० वटा बाख्रा पालन गरि व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

ग) ठूला व्यवसायिक बाख्रा फार्म :

४१ वटा भन्दा बढी बाख्रा पालन गरि व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

५.३) व्यवसायिक बंगुर फार्मको वर्गीकरणः

यस फर्मलाई ३ भागमा विभाजन गरिएको छ।

क) साना व्यवसायिक बंगुर फार्म :

पाठापाठी उत्पादनको लागि भए २-५ वटा माउ बंगुर र मासुका लागि भए ५-१० वटा बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

ख) मझौला व्यवसायिक बंगुर फार्म :

पाठापाठी उत्पादनको लागि भए ६-१० वटा माउ बंगुर र मासुका लागि भए ११-१५ वटा बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

ग) ठूला व्यवसायिक बंगुर फार्म :

पाठापाठी उत्पादनको लागि भए ११ वटा भन्दा बढी माउ बंगुर र मासुका लागि भए १६ वटा भन्दा बढी बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

५.४) व्यवसायिक कुखुरा फार्मको वर्गीकरण :

यस फर्मलाई ३ भागमा विभाजन गरिएको छ।

क) साना व्यवसायिक कुखुरा फार्म :

१००-५०० वटा ब्रोइलर, ५०-१०० लेयर्स, स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

ख) मझौला व्यवसायिक कुखुरा फार्म :

५००-१००० वटा ब्रोइलर, १००-५०० लेयर्स, स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाइ मानिने छ।

ग) ठूला व्यवसायिक कुखुरा फार्म :



अध्यक्ष

१००० वटा देखि माथि ब्रोइलर, ५०० देखि माथि लेयर्स, स्थानीय जातको कुखुरा,टर्की,हाँस,बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

५.५) माछा पालन फार्म :

क) साना व्यवसायिक माछा फार्म:

कम्तिमा १ रोपनी देखि ३ रोपनी सम्म पोखरी निर्माण गरि व्यावसायिक रुपमा माछा पालन व्यवसाय गरेको हुनु पर्नेछ।

ख) मझौला व्यवसायिक माछा फार्म :

कम्तिमा ४ रोपनी देख ७ रोपनी सम्म पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछा पालन व्यवसाय गरेको हुनु पर्नेछ।

ग) ठूला व्यवसायिक माछा फार्म :

कम्तिमा ८ रोपनी भन्दा माथि जग्गामा पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछा पालन व्यवसाय गरेको हुनु पर्नेछ।

५.६) मिश्रित फार्म :

माथिका न्युनतम परिधि पुरा गरेर एक भन्दा बढी किसिमका पशुपन्छी, तरकारी, फलफूल, च्याउ, माछा एउटै व्यक्तिले व्यवसायिक तवरले पालन/खेती गरिएको हुनु [illegible]।

६. फार्म दर्ता प्रक्रिया :

- अनुसूची-१ बमोजिम ब्यक्तिगत निवेदन
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- दुइ वटा पासपोर्ट साइजको फोटो
- चौकिल्ला प्रमाणित
- चौकिल्ला प्रमाणितमा हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- व्यक्तिगत वा संगालोमा भए स्वःघोषणा/मंजुरिनामा
- राजस्व बुझाएको रसिद आर्थिक ऐन अनुसार
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- अनुसूची-५ बमोजिम न्युनतम मापदण्ड अनुसार वडाका कृषि/पशु सेवा प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन
- वातावरणीय प्रभाव तथा दुर्गन्धित खालका फार्म संचालनको लागि वरीपरी बसोबास गर्ने छिमेकीको मन्जुरीनामा

७. फार्म नविकरण प्रक्रिया :

- अनुसूची-१ बमोजिम ब्यक्तिगत निवेदन
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

- राजस्व बुझाएको रसिद आर्थिक ऐन अनुसार
- अनुसूची-४ बमोजिम गत आ.व. को आय/व्यय विवरण
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- वर्तमान फार्मको अवस्था बारेमा वडा कृषि/पशु सेवा प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

## परिच्छेद ४
## नवीकरण तथा खारेजी प्रक्रिया

८. फार्म नवीकरण तथा खारेजी प्रक्रिया :

क) नयाँ व्यवसाय सुरु गर्ने कृषकलाइ फार्म दर्ता प्रक्रियामा लगिनेछ तर निजको प्रतिबद्धता अनुसार व्यवसाय सुरु गरेको हुनु पर्नेछ । यदि निर्धारित समयसम्म पनि व्यवसाय सुरु नगरेको खण्डमा माथागढी गाउँपालिकाको निर्णय अनुसार खारेज वा कारवाही प्रक्रियामा लगिनेछ।

ख) दर्ता भएको फार्म कृषि तथा पशुपंक्षी सेवा शाखाले आधिकारिक प्रमाण पत्र उपलब्ध गराउने छ।

ग) दर्ता भएको फार्म प्रत्येक वर्ष नयाँ आ.व. सुरु भएपछी नवीकरण गर्नु पर्नेछ।

घ) यस कार्यविधि शुरु हुनु भन्दा अगाडी दर्ता भएको फार्म १ वर्षको अवधि पुरा भएको खण्डमा पनि नियमानुसार प्रत्येक वर्ष नयाँ आ.व. सुरु भएपछी नवीकरण गर्नु पर्नेछ।

ङ) दर्ता भएको फार्म प्रत्येक आ.व. को असोज मसान्त भित्र नविकरणको लागि सम्बन्धित शाखामा आवश्यक कागजात सहित पेश गर्नुपर्नेछ र एक वर्ष सम्म नविकरण नगरेको खण्डमा प्रत्येक वर्षको २५% का दर विलम्ब शुल्क लाग्नेछ ।

च) नयाँ फार्म दर्ता तथा नविकरणमा लाग्ने शुल्क माथागढी गाउँपालिकाको आर्थिक ऐन अनुसार हुनेछ।

छ) दर्ता भएको फार्मको समय समयमा अनुगमन गरिनेछ र कानुन विपरित कामकाज गरेको पाइएमा फार्मलाई माथागढी गाउँपालिकाको निर्णय बमोजिम कारवाही प्रक्रियामा लगिनेछ।

## परिच्छेद ५
## फार्म स्थानान्तरणए

९. फार्म स्थानान्तरण गर्न सक्ने :

क) कुनै पनि दर्ता भएका फार्म एक स्थान वा अर्को स्थानमा स्थानान्तरण गर्नु परेको खण्डमा गाउँपालिमा मनासिब कारण खुलाई निवेदन पेश गर्न सक्नेछ र पेश गरेपश्चात मनासिब कारण देखिएमा फार्म स्थानान्तरणको लागि कार्यालयल प्रमुखले स्वीकृती दिएपछि मात्र फार्म स्थानान्तरण गर्नुपर्नेछ ।

## परिच्छेद ६
## काम कर्तव्य र अधिकार

१०. कृषि तथा पशुपंक्षी सेवा शाखाको काम कर्तव्य र अधिकार

क) कृषि/पशुपन्छी फार्महरु कृषि/पशुपंक्षी सेवा शाखामा अभिलेख राखी तिनीहरुको नियमन, प्रवर्द्धन, र अनुगमन गर्ने।

ख) गाउँसभाबाट स्वीकृत कृषि/पशुपन्छी फर्म र पशुपन्छी बजार प्रवर्धन कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

## परिच्छेद ७

## थपघट वा हेरफेर

११ .थपघट वा हेरफेर गर्न सक्ने

क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन माथागढी गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि माथागढी गाउँपालिकाले नियमानुसार व्याख्या गर्न सक्नेछ।

अध्यक्ष

अनुसूची २

कृषि/पशुपंक्षी फार्म दर्ता प्रमाण पत्रको ढाँचा

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल।

पासफोर्ट साईजको फोटो

दर्ता नं. :- .....

## कृषि/पशुपन्छी फार्म दर्ता

पाल्पा जिल्ला माथागढी गाउँपालिका वडा नं. ...... ........ बस्ने श्री ............................ ले व्यवसायिक रुपमा .................. गर्दै आउनु भएकोले तपाईको श्री ............................ फार्म यस कार्यालयको "कृषि तथा पशुपन्छी फार्म दर्ता संचालन तथा नविकरण सम्बन्धी कार्यविधि-२०८२ को दफा ६" बमोजिम अभिलेखमा दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ।

कुल पूँजी :- ......................

फार्मको प्रकृती :- ............................

व्यवसाय/सेवाको विवरण :- ....................................

प्रमाण-पत्र प्रदान गरिएको मिति : ............................

............................
कृषि/पशुपन्छी शाखा प्रमुख

............................
प्रमुख प्रशासकीय अधिकृत

"हाम्रो माथागढी, हाम्रो शानः समृद्ध माथागढी, हाम्रो पहिचान"

अध्यक्ष

अनुसूची ३

कृषि/पशुपंक्षी फार्म नविकरण प्रमाण पत्रको ढाँचा

फार्मको नाम : ..............................................

ठेगानाः माथागढी - ......, .............. ।

| नविकरण मिति | रसिद नं. | प्रमाण पत्रको मान्य अवधि | नविकरण गर्ने अधिकारीको | | कैफियत |
|---|---|---|---|---|---|
| | | | दस्तखत् | कार्यालयको छाँप | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः फार्म प्रत्येक आ.व. को असोज मसान्त भित्र नविकरण गरिसक्नुपर्नेछ।

अध्यक्ष

## अनुसूची ४
## आय/व्यय विवरणको ढाँचा

१. कृषि/पशुपंक्षी फार्मको नाम :
२. फार्मको ठेगाना :
३. संचालनकको नाम :
४. स्थायी ठेगाना :

| क.स | आम्दानी विवरण | परिमाण | रकम | खर्च विवरण | परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | जम्मा | | | |

| | |
|---|---|
| नाफा :- | |
| घाटा :- | |

संचालकको हस्ताक्षर :
फार्मको छाँप :

अध्यक्ष

## अनुसूची ५
## प्राविधिक अनुगमन प्रतिवेदनको ढाँचा

१. कृषि/पशुपंक्षी फार्मको नाम :-

२. फार्मको ठेगाना :-

३. संचालनकको नाम :-

४. स्थायी ठेगाना :-

५. फार्मको प्रकृती :-

| क्र.स | विवरण | साना फार्म | मझौला फार्म | ठुला फार्म | अन्य संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. राय सुझाव :- ......................................................................................................
......................................................................................................

वडा प्राविधिकको नाम :

पद :

हस्ताक्षर :

प्रमाणीकरण गर्ने :

यम बहादुर चिदी गा.पा. अध्यक्ष

अध्यक्ष

प्रमाणीकरण मिति : २०८२।०६।२९